# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– १, अंक– ९, वैशाख २०६१, (Apr., 2004) काठमाडौं


# सप्तरीमा स्वागत कार्यक्रम प्रभावकारी

**नयाँ वर्षसँगसँगै मुलुकमा नयाँ शैक्षिक सत्र आरम्भ भएको छ । शैक्षिक सत्रको सुरुवातसँगसँगै मुलुकभरी प्राथमिक विद्यालयमा बालबालिकालाई स्वागत गर्न विशेष सक्रियता देखिएको छ । युनिसेफ नेपाललगायतका ठूला संस्थाहरुले अन्य संस्थाहरुसँग मिलेर विद्यालयमा बालबालिकालाई स्वागत कार्यक्रम थालेका छन् ।**

सप्तरी जिल्लामा नयाँ शैक्षिक सत्रमा ५० वटा गाविसहरूमा बालबालिकालाई विद्यालय स्वागत कार्यक्रम संचालन गरी १५ हजार बालबालिकालाई विद्यालय भर्ना गरिने लक्ष्य राखिएको छ ।

५० प्रतिशत बालबालिका स्कूल भर्ना नभएको गाविसहरूमा स्वागत कार्यक्रम गरी १० हजारदेखि १५ हजार बालबालिकालाई विद्यालय भर्ना गराउने लक्ष्य राखिएको यो कार्यक्रम ०६१ बैशाख महिनासम्म चल्ने कुरा युनिसेफ विराटनगरका भानु पाठकले दिनु भयो ।

युनिसेफको सहयोगमा जिल्ला शिक्षा कार्यालय सप्तरीले नयाँ शैक्षिक सत्र २०६१/०६२ मा विद्यार्थी भर्ना स्वागत कार्यक्रम संचालन गरेको छ ।

सप्तरी जिल्लामा ६ देखि १० वर्ष उमेर समूहका १७ हजार बालिका र ९ हजार बालक विद्यालय नजाने गरेको तथ्यांक शिक्षा कार्यालय सप्तरीले दिएको छ ।

स्वागत कार्यक्रम संचालन गर्ने तयारीको क्रममा १३ जना विद्यालय स्रोत व्यक्ति, ७ जना डकाउ कार्यक्रमका सहजकर्ताहरू, ५ जना विद्यालय निरीक्षक र गैरसरकारी संस्थाका प्रतिनिधिले प्रशिक्षक प्रशिक्षण तालिम लिएको जानकारी प्रशिक्षक सुजितकुमार पाखेरेलले दिनुभयो । सप्तरीको पटेर्वा, मल्हनीया, मौवाहा, बेल्ही, रामनगर, काचन, देउरी, तरही खडकपुर, कविलासा, बनौला, खोजपुर, धनगढी, नेगडा, इनर्वा फुलवडिया, कटैया, पत्थरगाढा, गम्हरीयाप्रवाहा, वेल्ही चपेना, नर्घो, फकिरा, छिन्नमस्ता, इटहरी विसनपुर, विरपुर फरसैठ, मलेठ, जमुनी मधेपुरा, मलेकपुर, दिघवा, तेरहौता, पकरी, बथनाहा, जण्डौल, डाढा, भगवतपुर, गोवरगाढा, मैनाकडेरी, ठेलिया, वदगामा, बैरवा, रुपनगर कञ्चनपुर, धमरपुर, घोघनपुर, फत्तेपुर कमलपुर, सकरपुरा, पकरी, खोजपुरमा स्वागत कार्यक्रम सञ्चालन गरिएको छ ।

५० प्रतिशत विद्यार्थी विद्यालय भर्ना नभएका गाविसमा प्रशिक्षक प्रशिक्षण लिएकाहरूले ३ दिन प्रशिक्षण दिने कार्यक्रम पत्थरगाढा गाविसबाट सुरु भएको जानकारी प्रशिक्षक पोखरेलले दिनुभयो । उहाँले विद्यालयमा विद्यार्थी स्वागत कार्यक्रमले विद्यालय नजाने बालबालिकालाई विद्यालय जान प्रेरित गरिरहेको बताउनुभएको छ । विपन्न वर्ग, दलित, उपेक्षित वर्गको बसोबास भएको गाविसहरूमा जनचेतना जगाएर बालबालिकालाई विद्यालय जाने वातावरण बनाउने कार्य स्वागत कार्यक्रमले गर्ने कुरा जिल्ला शिक्षा अधिकारी रामविलास राययादवले बताउनुभयो ।

सप्तरीको पश्चिम र दक्षिणी भेगका बालबालिका विद्यालय कम जाने गरेका छन् । देउरी गाविसमा प्राथमिक विद्यालय भर्ना दर २३ प्रतिशत मात्रै रहेको छ ।

अभिभावक, सामाजिक कार्यकर्ता, शिक्षकहरूको सहयोग लिएर विद्यार्थी भर्ना संख्या वृद्धि गराउने लक्ष्य राखिएको युनिसेफ विराटनगरका प्रकाश तुलाधरले जानकारी दिनुभयो ।

● शिवहरिप्रसाद भट्टराई

# दाङमा भर्ना कार्यक्रम उत्साहजनक

विद्यालय जानबाट वञ्चित दाङ जिल्लाका करिब १५ प्रतिशत बालबालिकालाई विद्यालय पुऱ्याउन अधिराज्यव्यापी रुपमा आएको भर्ना सप्ताह दाङमा विशेष अभियान सञ्चालन गरिएको छ । 'सबैका लागि शिक्षा' कार्यक्रम अन्तर्गत भर्ना सप्ताह दाङका ३९ मध्ये १० वटा गाउँ विकास समितिमा यो विशेष अभियान सञ्चालन गरिएको हो ।

जिल्ला शिक्षा कार्यालयका अनुसार, यूनिसेफ नेपालले महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्यक्रम सञ्चालन गरेका १० वटा गाविसमा भर्ना सप्ताहलाई विशेष र बाँकी गाविसमा सक्दो रुपमा मनाउने तयारी गरिएको छ । बेला, राजपुर, ढिकापुर, हापुर, लालमटिया, धर्ना, गोल्टाकुरी, सैंधा, पवननगर र सिसहनिया गरी १० वटा गाउँ विकास समितिमा यूनिसेफ नेपालको सहयोगमा भर्ना सप्ताह अभियान सञ्चालन गरिएको छ ।

विद्यालयबाट बाहिर रहेका ५ देखि ९ वर्ष उमेरका बालबालिकालाई विद्यालयमा ल्याउन अभिभावक र बालबालिकालाई पनि उत्प्रेरणा प्रदान गरिएको छ । त्यसका लागि जिल्ला शिक्षा कार्यालयले विद्यालयदेखि बाहिर रहेकाहरूको स्पष्ट पहिचान कार्य थालेको छ । वैशाखको ६ गतेदेखि ११ गतेसम्मका लागि भर्ना सप्ताह कार्यक्रम तय गरिएको थियो । भर्ना सप्ताहलाई प्रभावकारी बनाउन सबै विद्यालय, विद्यालय व्यवस्थापन समिति, निजी विद्यालय, संघसंस्था एवं सञ्चारकर्मीलाई सहयोगीका रुपमा लिइएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ ।

विद्यालयमा भर्नादर बढाउनका लागि अभिभावकको भूमिका महत्वपूर्ण हुने महसुस गर्दै प्रत्येक विद्यालयमा भर्नादर बढाउने सम्बन्धमा अन्तरक्रिया र छलफल



*यस्ता उत्साहले परिवर्तनको संकेत गर्छन् ।*

कार्यक्रम आयोजना गरिए । महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्यक्रम डकाउ लागू भएका १० वटा गाविसमा बालग्यालीका माध्यमबाट भर्ना सप्ताहका सम्बन्धमा प्रचार-प्रसार गुर्नका साथै वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो । ती गाविसका सबै विद्यालयहरूमा नयाँ विद्यार्थीहरूका लागि स्वागत ब्यानर राख्ने, पर्चा पोष्टरलाई व्यापक गर्ने निर्देशन दिइएको जिल्ला शिक्षा कार्यालय दाङले जनाएको छ । डकाउ लागू भएका गाविसलाई विशेष रुपमा हेरिए पनि अन्य गाविसका विद्यालयमा भर्ना सप्ताह र सबैका लागि शिक्षा कार्यक्रमका सम्बन्धमा जानकारी दिन पर्चा पम्प्लेट पठाइनुका साथै विद्यालय सर-सफाई गर्ने लगायतका निर्देशन दिइएको थियो । भर्ना सप्ताहकै अवसरमा बढीभन्दा बढी बालबालिकालाई विद्यालय ल्याउने वातावरण तयार पनि विद्यालयमा आगन्तुक पुस्तिका राख्ने अभिभावकलाई निमन्त्रणा पत्र पठाउने, अभिभावकलाई प्रमाणपत्र दिने लगायतका कार्यक्रम तय गरिएका थिए ।

भर्ना सप्ताहकै अवसरमा डकाउ कार्यक्रम लागू भएका गाविसमा 'विद्यालय शान्ति क्षेत्र हुन्' भन्ने सम्बन्धमा हस्ताक्षर संकलन गरिएको छ । जिल्ला शिक्षा कार्यालयले महिला विकास शाखा र यूनिसेफका सामाजिक परिचालक मार्फत् पनि भर्ना सप्ताहलाई सफल पार्न सहयोग अपेक्षा गरेको थियो । दाङकै छिमेकी कपिलवस्तु जिल्लामा हथिहवा, पिपरा, धर्मपनीया, हाइनी, गौरी, सिंहखोर, ढडौना, अजिगरा, पुरुषोत्तमपुर र विसनपुर गाविसमा भर्ना अभियान सञ्चालन गरिएको थियो । सन् २०१५ सम्ममा सबैलाई शिक्षा प्रदान गर्ने अन्तर्राष्ट्रिय अभियान अन्तर्गत लागू गरिएको 'सबैका लागि शिक्षा' कार्यक्रम र त्यसलाई तीव्रता प्रदान गर्नका लागि ल्याइएको भर्ना सप्ताहको प्रचार-प्रसार गर्दै विद्यालयको वातावरणमा सुधार गर्न सके विद्यालय जानबाट वञ्चित हजारौं बालबालिकाहरू विद्यालय प्रवेश गर्न सक्ने देखिएको छ ।

● शरद अधिकारी

# मुस्लिम समुदाय बालकक्षामा छोरी पढाउँछन्

मुस्लिम समुदायका छोरीहरूलाई सरकारी विद्यालयमा पढ्न नपठाउने अभिभावकहरू बाल शिक्षा कार्यक्रम अन्तर्गतको बाल कक्षामा भने छोरी पढाउन थालेका छन् ।

छोरीले मर्दसामा गएर उर्दु पढे भने कुरान (धार्मिक ग्रन्थ) पढ्न तथा चिट्ठी लेख्न सकिहाल्छन्, अन्य शिक्षा किन दिने ? भन्ने मुस्लिम अभिभावकहरूमा बाल कक्षामा छोरीलाई पढाउने चेतना आएको हो ।

राजविराज नगरपालिकामा संचालन भएका बाल शिक्षा कार्यक्रमका बाल कक्षाहरूमा ४४ प्रतिशत मुस्लिम बालिकाहरू पढ्ने गरेको तथ्याङ्क सहजकर्ता प्रफुल्ल श्रेष्ठले दिनुभयो ।

राजविराज नगरपालिकाभित्र पहिलो स्तर र दोस्रो स्तर गरी ७ सय ४३ जना बालबालिका बाल कक्षामा पढ्ने गरेका छन् । १४ वर्षसम्मका बालबालिकाका लागि संचालन गरिएको यो कक्षामा छोरीहरूको संख्या अत्याधिक रहेको छ ।

तराईमा छोरीलाई सरकारी स्कूलमा पढाउन अप्ठ्यारो मान्नेहरूले गाउँमै संचालन भएको बाल शिक्षा कार्यक्रममा पढाउन चाहिं कठिनाई महशुस नगरेको अभिभावक महिउद्दिन हुसेन बताउँछन् ।

छोरीलाई धेरै किन पढाउने ? धार्मिक ग्रन्थ पढ्न, चिट्ठी लेख्न सक्ने भए भने भयो भन्ने मानसिकता अभिभावकहरूमा देखिन्थ्यो ।

मलेठ -७ का नुरजान खातुन र सैफुर खातुन यसका उदाहरण हुन् । उनीहरू जस्तै बालिकाहरू मर्दसा पढेपछि बाल कक्षामा पढ्न आउने गरेको शिक्षिका सुस्मिता पोखरेल बताउनुहुन्छ ।

मर्दसाको समयसँग नजुधाइकन कक्षा संचालन गरेकोले गाउँका सबै बालिका पढ्न आउँछन् । उनीहरूमा अंग्रेजी र नेपाली पढ्ने उत्साह देखापरेको छ -शिक्षिका पोखरेलको अनुभव थियो । ●

# बालबालिकाले प्रधानमन्त्रीलाई शिक्षाका समस्या सुनाए

प्रधानमन्त्री सूर्यबहादुर थापालाई २० हजार भन्दा बढी नेपाली बालबालिकाहरूले पठाएको पत्रको सन्देश हस्तान्तरण गरियो । 'शिक्षाको लागि विश्वव्यापी सप्ताह' मनाउने कार्यक्रम अन्तर्गत गत २४ अप्रिलको दिन पत्र हस्तान्तरण गरिएको थियो । काठमाडौंमै रहेका केही बालबालिकाले प्रधानमन्त्रीलाई प्रत्यक्ष रुपमा शिक्षाका समस्या अवगत गराएका थिए ।

नेपालमा झण्डै ९ वर्षदेखि चलेको द्वन्द्वबाट करिब ४० हजार बालबालिका प्रत्यक्ष प्रभावित भएका छन् । हजारौं बालबालिकामा अप्रत्यक्ष प्रभाव परेको छ । शिक्षकहरू मारिएका छन् र विस्थापित भएका छन् । माओवादी र सरकार दुवैपक्षबाट विद्यालयहरूमा प्रत्यक्ष प्रभाव पर्ने गरी आफ्ना गतिविधिहरू केन्द्रित गरिएपछि बालबालिकामा त्रास फैलिएको छ ।



**प्रधानमन्त्रीलाई आफ्ना साथीहरूको सन्देश बुझाउँदै बालबालिकाहरू ।**

सरकारी तथ्याङ्क अनुसार नेपाल अधिराज्यका विद्यालयहरूमा खुद भर्नादर (६ देखि १० वर्ष उमेर समूहका बालबालिका) ८१ प्रतिशत रहेको छ । यो तथ्याङ्कमा ७५ प्रतिशत बालिका र ८७ प्रतिशत बालकहरू विद्यालयमा भर्ना भएका छन् । १९ प्रतिशत बालबालिका मात्र विद्यालय बाहिर छन् । तर, विकास क्षेत्र, जिल्ला, गाउँ र सहर, जाति विशेष आदि छुट्टाछुट्टै अवस्थाको तथ्याङ्कमा ठूलो भिन्नता रहेको छ ।

गत वर्ष जस्तै यस वर्ष पनि मनाइएको शिक्षाका लागि विश्वव्यापी अभियान (जीइसी) विभिन्न कार्यक्रमका साथ सम्पन्न गरिएको थियो । यस वर्ष बैशाख ७ देखि १३ गते (अप्रिल १९ देखि २५) सम्म विश्वभर सप्ताहव्यापी अभियानको आयोजना गरियो । नेपालमा यो वर्ष विभिन्न संस्थाद्वारा 'विद्यालय भर्ना सप्ताह'का रुपमा सप्ताह मनाइएको थियो । शिक्षाका लागि विश्वव्यापी अभियान विश्वभरका १५० भन्दा बढी राष्ट्रका गैरसरकारी संस्था र ट्रेड युनियनहरूको अभियान हो ।

नेपालमा युनिसेफ, ग्लोबल मार्च, सामुदायिक विकास प्रवर्तन केन्द्रलगायतका संस्थाहरूले बालबालिकाको पत्र संकलन कार्यमा सक्रियता देखाएका थिए । युनिसेफले मात्रै १६ हजारभन्दा बढी बालबालिकाका पत्र संकलन गरेको थियो । अभियानमा संलग्न अन्य संस्थाहरूले भर्ना सप्ताहका रुपमा साताभरी आफ्ना गतिविधि संचालन गरेका थिए । ●




यस किसिमका निमन्त्रणा पत्रले अभिभावक र विद्यार्थी उत्साहित छन् ।

## अभिभावकहरूले ख्याल गर्नुपर्ने कुराहरू

*जनचेतना अभिवृद्धि गर्न यी माध्यमहरू प्रयोग गर्न सकिन्छ ।*

- एक अर्काको प्रत्यक्ष संलग्नतामा गरिने
- बालबालिकादेखि बालबालिकासम्म
- घर दैलो कार्यक्रम
- दोहोरी गीत
- ऱ्याली

*श्रव्य दृश्यद्वारा गरिने*

- डकुमेन्ट्री
- टेलिफिल्म

*छापिएका/लेखिएका साधनद्वारा गरिने*

- विज्ञापन
- पोष्टर
- ब्यानर, तुल, होडिङबोर्ड, प्लेकार्ड
- निमन्त्रणा कार्ड

युनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४-२५७६५५,फ्याक्सः ४-२१८६८६ इमेलः ejg@ntc.net.np, वेवसाइटः www.ejgroup.org, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, सम्पादनः पदम गौतम